(आँखा स्वास्थ्य एवं गतिविधिबारे त्रैमासिक बुलेटिन)

# नेपाल नेत्रज्योति संघ
# NEPAL NETRA JYOTI SANGH

वर्ष ६, अंक १, त्रैमासिक प्रकाशन : असोज/कात्तिक/मंसिर २०७७

## नेपाल नेत्रज्योति संघका केन्द्रीय अध्यक्ष प्रा. डा. चेतराज पन्तज्यूबाट शुभकामना सन्देश



**प्रा. डा. चेतराज पन्त**
केन्द्रीय अध्यक्ष

सन् १९८० भन्दा पहिले देशमा आँखा सेवा न्यून अवस्थामा थियो । एक करोड ४० लाख जनसंख्यामा तीन जना मात्र नेत्र विशेषज्ञ थिए र जम्मा १६ वटा आँखा शय्या मात्र आँखा रोगीका लागि उपलब्ध थिए । राष्ट्रिय गैरसरकारी संस्थाका रूपमा नेपाल नेत्रज्योति संघको स्थापनापश्चात् नेपाल सरकार र विश्व स्वास्थ्य संगठनको संयुक्त आयोजनामा नेपाल अन्धोपन निवारण आयोजना सन् १९८० मा सुरुवात भएबाट आँखा सेवाले गति लियो ।

नेपाल नेत्रज्योति संघ एउटा गैरसरकारी संस्था हो । देशबाट हटाउन सकिने अन्धोपन निवारण गर्ने हेतुले र देशमा आँखा सेवा सर्व पहुँचका लागि स्थापना भएको संस्था थियो । नेपाल अन्धोपन सर्वेक्षण सन् १९८१ मा गरिएको थियो जसले मोतीबिन्दु देशको प्रमुख अन्धोपनका रूपमा देखायो । ट्रकोमा दोस्रो अन्धोपनका रूपमा देखिएको थियो । अन्धोपन पुरुषको दाँजोमा महिलामा ज्यादा रहेको थियो । अन्धोपन सहरमा भन्दा गाउँमा ज्यादा पाइएको थियो । त्यतिबेला नेपालको जनसंख्याको झन्डै ०.८४ प्रतिशत जनता दृष्टिविहीन थिए ।

नेपाल अन्धोपन सर्वेक्षणपश्चात् सन् १९८२ मा आँखा सेवाको राष्ट्रिय खाका (मास्टर प्लान)को विकास भयो । नेपाल नेत्रज्योति संघको पहलमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी निकायहरु, दानवीर परिवारको सहयोगमा देशका विभिन्न भागमा आँखा अस्पताल तथा विभिन्न जिल्लामा प्राथमिक आँखा उपचार केन्द्रको स्थापना भयो । हाल २० वटा आँखा अस्पताल, १२४ वटा आँखा उपचार केन्द्र र ४२ जिल्ला शाखाको विस्तार भएको छ । सन् १९८९ मा आँखा सेवामा जनचेतना जगाउनका लागि राष्ट्रिय आँखा स्वास्थ्य शिक्षा एकाइको सुरूवात भयो । जनचेतना जगाउनका लागि हेल्थपोस्ट इन्चार्जलाई तालिम, महिला स्वास्थ्य स्वयंसेविका, धामीझाँक्री, सामाजिक परिचालन, एड्भोकेसी, आँखा सेवामा सुधारिएको बिरामी शिक्षाजस्ता विभिन्न रणनीतिको सुरूवात गरियो । नेपालमा उच्च स्तरको धेरैजसो आँखा अस्पतालले देशमा विस्तारित आँखा स्वास्थ्य सेवा उपलब्ध गराइरहेका छन् ।

दक्षिण एसियामा विश्व स्वास्थ्य संगठनले लागू गरेको भिजन २०२० : दृष्टि सबैको अधिकार भन्ने विश्वव्यापी नारालाई आत्मसात् गर्ने पहिलो मुलुक नेपाल हो । सन् १९९९ मा सुरुवात गरिएको यो नाराको हामी झन्डै अन्त्यतिर छौँ । हामीलाई गर्व

## महासचिवज्यूको मन्तव्य



**भरतबहादुर चन्द**
महासचिव

कोभिड-१९ का कारण समयमै बुलेटिन प्रकाशन गर्न सकेनौं । ढिलै भए पनि बुलेटिन प्रकाशन गर्न लागेकोमा प्रकाशन समितिलाई धन्यवाद ज्ञापन गर्दछु । सन १९८१ मा भएको National Blindness Survey ले देखाएका आँखासम्बन्धी समस्याहरूलाई नेपाल सरकारको निर्देशन र सहयोग, दातृ निकायहरू, स्थानीय समाजसेवीहरू, दाताहरू, कार्यरत कर्मचारीहरूको अनवरत मिहिनेतबाट आँखा रोगहरू न्यूनीकरणमा उल्लेखनीय सुधार आएको छ । तर पनि नयाँ नयाँ Emerging रोगहरू, बढ्दो जनसंख्याले हामीलाई थप चुनौती थर्पिंदै गएको छ । हाल गरेको RAAB Survey को निष्कर्षले पनि हामीलाई थप नयाँ रणनीति र मिहिनेतका साथ जनताको घरदैलोमै गुणस्तरीय र सर्वसुलभ आँखा तथा कान उपचार सेवालाई पुऱ्याउने थप जिम्मेवारी थपिएको छ । सीमित स्रोत साधन र अहिले कोभिड-१९ को महामारीका बाबजुद आँखा र कानका रोगीहरूको अनवरत उपचार सेवामा खट्नुहुने सम्पूर्ण समाजसेवीहरू र कर्मचारीहरू सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । नेपाल सरकार, WHO र नेपाल नेत्रज्योति संघबाट समय समयमा प्राप्त निर्देशिका हरूलाई पालना गर्दै आफू र रोगीहरूलाई बढीभन्दा बढी सुरक्षित सेवा पुऱ्याउन सबै समाजसेवीहरू तथा कर्मचारीहरूमा विनम्र अनुरोध गर्दछु ।

**भरतबहादुर चन्द**
महासचिव

लाग्छ कि नेपालले यो नारालाई लागू गरेर आँखा क्षेत्रको विकासमा धेरै ठूलो प्रगति गरेको छ । कार्यक्रमको मध्यमा गरिएको सर्वेक्षणले देशमा अन्धोपनको समस्या सन् १९८१ को दाँजोमा ०.८४ प्रतिशतबाट घटेर सन् २०११ मा ०.३५ प्रतिशतमा झरेको पाइयो (दृष्टि क्षमता ३/६० भन्दा कम भएको परिभाषाको आधारमा) । राष्ट्रिय ट्रकोमा कार्यक्रम सन् २००२ मा सुरु गरी सन् २०१९ मा दक्षिण पूर्वी देशहरूमा नेपालले आँखा क्षेत्रमा गरेको उपलब्धिमा ट्रकोमाका कारण हुने अन्धोपनलाई निवारण गरेको घोषणा गरी अरु देशका लागि एउटा नमुनाका रूपमा प्रस्तुत गर्न सक्यो । साथै ६ महिनादेखि ६० महिनासम्मका बालबालिकालाई प्रत्येक छ महिनामा एकपल्ट भिटामिन ए खुवाए बाल मृत्युदर र बाल अन्धोपनमा निकै नै कमी ल्याउन सकिने कुरा नेपालमा भएको भिटामिन ए बारेको अनुसन्धानले पुष्टि गऱ्यो ।

नेपालमा आँखा सेवाको क्षेत्रमा अर्थपूर्ण उपलब्धि भएका छन् तथापि आँखा स्वास्थ्य मानव संसाधनको असमान वितरण, महिलामा ठूलो संख्यामा अन्धोपना देखिनु, सामान्य स्वास्थ्य सेवामा आँखा सेवा समाहित नहुनु, साझेदारहरूबीच समन्वयको अभावजस्ता नयाँ समस्या र चुनौती पनि देखापरेका छन् । यस किसिमका आँखा स्वास्थ्यमा देखिएका समस्यालाई दिगो विकास लक्ष्य र अन्य गरिबी निवारण कार्यक्रमका रणनीतिसँग समन्वय गरिनुपर्ने हुन्छ ।

हाल नेपाल नेत्रज्योति संघले सबै आँखा अस्पतालमा विस्तारित आँखा सेवा सुविधा उपलब्ध गराउने प्रयास गरिरहेको छ जसले गर्दा नागरिकलाई निरन्तर रूपमा प्रवर्द्धनात्मक, निवारणात्मक, उपचारात्मक र पुनःस्थापनात्मक सेवा दिन सकियोस् । हामी विशेष कार्यक्रम, जसले नयाँ देखिएका अन्धोपनका कारण जस्तै : दृष्टि दोष, बाल अन्धोपन, जलबिन्दु, कर्नियल अल्सर, डायबेटिक रेटिनोप्याथी, न्यूनदृष्टि र पुनःस्थापनात्मक सेवा प्रदान गर्ने योजना पनि बनाइरहेका छौं ।

नेपाल नेत्रज्योति संघ हाल केही आँखा उपचार केन्द्रलाई दोस्रो तहको आँखा अस्पतालमा पदोन्नति गर्ने र अस्पतालहरूमा गुणस्तरीय सेवाको सुनिश्चितता दिने कार्यमा केन्द्रीकृत रहेको छ । वर्ल्ड रिपोर्ट अन भिजनको मार्गनिर्देशन अनुरूप नेपाल नेत्रज्योति संघले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग मिलेर आँखा सेवालाई सरकारको सामान्य स्वास्थ्य सेवामा समाहित गरी आँखा सेवालाई जनतामुखी बनाउनेछ । हाल प्रादेशिक स्तरमा भइरहेको अन्धोपन सर्वेक्षणपश्चात् हालको अन्धोपनको उपलब्धतालाई ०.२ प्रतिशतमा झार्न संघले थप रणनीतिक कार्य योजनाको तर्जुमा गर्नेछ ।

हामी आँखा सेवालाई सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी निकाय, विश्व स्वास्थ्य संगठन, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सबैमा नेपाल नेत्रज्योति संघलाई यो अवस्थामा पुऱ्याउन अथक प्रयास गर्नुभएकामा आभार व्यक्त गर्छौं । हामी हाम्रा सम्पूर्ण नेपाल नेत्रज्योति संघका सदस्यहरु जो विभिन्न जिल्ला शाखासँग आबद्ध हुनुहुन्छ उहाँहरूको निःस्वार्थ सेवाका लागि तथा आँखा अस्पताल र आँखा उपचार केन्द्रमा कार्यरत सम्पूर्ण कर्मचारीमा उहाँहरूको महत्त्वपूर्ण सेवाका लागि धन्यवाद ।

अन्त्यमा, सबैको सुस्वास्थ्य एवं समृद्धिको कामना गर्दै यस विश्वव्यापी कोभिड-१९ को महामारीमा आँखा सेवासँग आबद्ध सम्पूर्ण समाजसेवी एवं स्वास्थ्यकर्मी र सेवा लिनुहुने सम्पूर्ण महानुभावमा यस विषम परिस्थितिमा सकेसम्म सरकारबाट निर्देशित सुरक्षा सतर्कता अपनाई यो महामारीबाट बच्न र बचाउन हुन पनि विनम्र अनुरोध गर्छु ।

धन्यवाद ।

**प्रा.डा. चेतराज पन्त**
अध्यक्ष, नेपाल नेत्रज्योति संघ

---

# कोभिड-१९ को महामारीमा आँखा सेवा प्रदान गर्ने कार्यमा नेपाल नेत्रज्योति संघको भूमिका

चीनको वुहान सहरबाट २०१९ डिसेम्बरदेखि सुरु भई विश्वव्यापी महामारीका रूपमा फैलिरहेको नयाँ कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई विश्व स्वास्थ्य संगठनले 'कोभिड–१९' को नाम दिएको छ । कोरोना भाइरस श्वासप्रश्वासको माध्यमबाट सर्ने रोग हो । यो नयाँ प्रजातिको भाइरस संक्रमित व्यक्तिले खोक्दा वा हाछ्युँ गर्दा नाक र मुखबाट निस्कने छिटाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने रोग हो । यो कोभिड-१९ बाट नेपाल पनि अछुतो रहन सकेन । नेपालमा गत माघ महिनामा विदेशबाट आएका एक जनामा यो रोग देखिएकामा गत गत पुस २५ सम्ममा संक्रमितको संख्या दुई लाख चौसठी हजार नाघिसकेको छ भने कोभिड-१९ का कारण १९ सय भन्दा बढीको ज्यान गइसकेको छ ।

नेपालमा लकडाउन सुरू हुनेबित्तिकै नेपाल नेत्रज्योति संघअन्तर्गतका आँखा अस्पताल र उपचार केन्द्रले जनतालाई आकस्मिक सेवा मात्र दिएको थियो । त्यस समयमा नेत्र विशेषज्ञलगायतका आँखा स्वास्थ्यकर्मीले लगाउने पीपीई प्रयोगबारे अन्योल भएकाले तत्कालका लागि कोभिड-१९ प्रोटोकल तयार गरी सबै आँखा अस्पतालमा पठाइएको थियो । पीपीईको अभावले आँखा अस्पतालले आकस्मिक सेवा पनि दिन कठिनाइ भएको परिप्रेक्ष्यमा पीपीईको व्यवस्था गरी सबै आँखा अस्पतालमा अग्रपंक्तिमा रही काम गर्ने जनशक्तिलाई वितरणका लागि पठाइएको थियो । Webinar को माध्यमबाट अस्पतालका जनशक्तिलाई कोभिड-१९ सम्बन्धी Protocol र पीपीईको सही प्रयोग गर्ने तौरतरिका, ती साधन उपयुक्त स्थानमा सही तरिकाले विस्थापन गर्नेबारे तालिम पनि दिइएको थियो । Seva Foundation तथा Orbis India को सहयोगमा कोभिड-१९ बाट बच्न अपनाउनुपर्ने उपायबारे अस्पताल पुगेका बिरामी तथा अन्य सर्वसाधारणलाई सचेत गराउने उद्देश्यले सो विषयमा सम्बन्धित विभिन्न डिजाइनका पोस्टरहरु तयार गरी अस्पतालहरूमा पठाइएको थियो ।

कोभिड-१९ का कारण देशको अर्थतन्त्रलगायत सबै व्यवसायलाई नकारात्मक असर पारेको छ भने आँखा सेवा प्रदायकलाई पनि निकै ठूलो समस्यामा पारेको छ । एकातर्फ संक्रमण हुन नदिन सरकारले लामो समयसम्म लकडाउन गर्नाले र नागरिक स्वयं पनि त्रासका कारण आवतजावतमा कमीका कारण आँखा अस्पतालमा आँखा रोगीको संख्यामा निकै नै कमी आएको छ भने अर्कोतर्फ होसियारी एवं सतर्कता अपनाउँदा अपनाउँदै पनि आँखा स्वास्थ्यकर्मीलाई हुने गरेको संक्रमणका कारण आँखा जाँच गर्ने र जाँच गराउने दुवै पक्षमा एक किसिमको त्रासका कारण आँखा जाँच एवं शल्यक्रिया कार्यमा बाधा पुग्न गएको छ । फलस्वरूप सेवा शुल्क लिई बिरामीको भरमा मात्र चलेका आँखा अस्पताल एवं आँखा उपचार केन्द्रमा आर्थिक मन्दीका कारण सेवा सुचारू गर्नसमेत यस कोभिड-१९ ले कठिनाई पुऱ्याएको हामी सबैमा छर्लङ्ग छ । नेपालको आँखा सेवा दक्षिण एसियाली मुलुकमध्ये राम्रो सेवा पुऱ्याउने एउटा नमुनाका रूपमा लिइन्छ । यहाँको सेवा गुणस्तरीय रहेको तथा सेवा शुल्क पनि अरु देशको दाँजोमा कम रहेकाले छिमेकी राष्ट्रहरूबाट धेरै संख्यामा मानिस खासगरी तराई क्षेत्रमा रहेका आँखा अस्पतालमा आँखा सेवा लिन आउने गरेका छन् । देशको वार्षिक तथ्यांकलाई हेर्ने हो भने पनि कुल आँखा जाँच संख्यामध्ये झन्डै ५० प्रतिशत र मोतीबिन्दुको शल्यक्रियाको झन्डै ५५ प्रतिशत छिमेकी राष्ट्रका नागरिकले नै सेवा लिएको देखिन्छ । यस कार्यले एकातर्फ देशले वैदेशिक मुद्रा आर्जन गरेको छ भने अर्कोतर्फ गुणस्तरीय सेवाका कारण प्रशंसाको पात्र बनेको छ । यस अर्थमा आँखा सेवा उपलब्ध गराउने निकायको हैसियतले हामी सबैले र देशले नै गर्वको महसुस गर्नु पर्दछ ।

देशमा विद्यमान अन्धोपनको समस्यालाई हेर्ने हो भने सन् १९८१ को सर्वेक्षणको दाँजोमा हालै गरिएका सर्वेक्षणले अन्धोपनको उपलब्धतामा निकै नै कमी देखाए तापनि जनसंख्यामा वृद्धि तथा औसत आयुमा वृद्धि हुनाका कारण अन्धोपनको संख्यामा भने खासै कमी आएको देखिँदैन । किनभने कुल अन्धोपनको झन्डै ८० प्रतिशतभन्दा बढी अन्धोपन ४५ वर्ष कटेकामा हुने गरेको तथ्याकंले देखाउँछ । नेपालमा भएको सन् १९८१ को सर्वेक्षणमा एक लाख मानिस दृष्टिविहीन थिए भने सन् २०११ मा गरिएको सर्वेक्षणले पनि अझै ९४ हजार मानिस दृष्टिविहीन रहेको देखाएको छ जसमध्ये ६५ प्रतिशत मोतीबिन्दुका

कारणले मात्र दृष्टिविहीन छन् । खासगरी तराईमा अवस्थित आँखा अस्पताल छिमेकी राष्ट्रबाट आउने आँखा रोगीका कारण नै आर्थिक रूपमा दिगो रहेको यस कोभिड-१९ को महामारीमा बिरामीको संख्या एक्कासि घट्नुले अस्पतालको नियमित व्यवस्थापनमा समेत ठूलो चुनौती देखापरेको छ ।

क) आँखा अस्पतालहरूले कोभिड-१९ बाट बच्न सुरक्षा मापदण्डलाई कडाइसाथ पालना गर्नुपर्ने देखिन्छ ।
ख) प्रत्येक अस्पतालले आफ्ना क्षेत्रका समुदायमा जनसहभागिताको आधारमा बढीभन्दा बढी जनचेतनामूलक कार्यहरु सञ्चालन गरी सेवा शुल्कमा विशेष छुट वा बिरामी आकर्षित गर्ने खालका कार्यक्रम सञ्चालन गरी आँखा रोगीलाई समयमै आँखा अस्पताल वा आँखा उपचार केन्द्र आउने वातावरण बनाउन महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने देखिन्छ ।
ग) आँखा अस्पताल रहेका क्षेत्रमा स्थानीय सरकारसँग पहल गरी आधारभूत सेवाका रूपमा आँखा सेवा उपलब्ध गराई हटाउन सकिने अन्धोपनमुक्त समुदाय स्थापित गर्न पहल गर्नुपर्ने देखिन्छ ।
घ) नेपालको संविधानले स्वास्थ्यलाई प्रत्येक नागरिकको नैसर्गिक अधिकार मानेको अवस्थामा गुणस्तरीय जीवन जिउन आँखाजस्तो संवेदनशील अंगको सुरक्षा तथा दृष्टि जगेर्नाका लागि विद्यमान आँखा सेवाको निरन्तरताका लागि आवश्यक पर्ने सहयोगका लागि पहल गर्नुपर्ने देखिन्छ ।

हाल पनि आँखा अस्पतालहरूमा बिरामीको संख्या एकदमै घटेको अवस्था छ तर समुदायमा अन्धोपनको समस्या बढ्दै गएकाले भविष्यमा कोभिड-१९ प्रोटोकल पालना गर्दै बाह्य कार्यक्रम सुरु गर्नुपर्ने देखिन्छ । केही आँखा अस्पतालले महिला स्वास्थ्य स्वयंसेविकाको माध्यमबाट समुदायमा गएर बच्चाहरूको आँखा जाँच गरेर अस्पताल पठाउने काम पनि सुरु भएको छ ।

### कोभिड-१९ को महामारीबाट बच्न व्यवहारमा लागू गर्नुपर्ने कुराहरू :

क) मास्कको प्रयोग गर्ने :
- घरबाट बाहिर निस्कँदा अनिवार्य मास्कको प्रयोग गर्ने ।
- मास्क छुनुअघि आफ्नो हात साबुन वा सेनिटाइजरले सफा गर्ने ।
- आफ्नो मुख, नाक र चिउँडो ढाकिने गरी मास्क लगाउने ।
- मास्कलाई घरीघरी हातले नछुने र प्रयोगपछि सही ठाउँमा फ्याल्ने ।

ख) हात धुने बानी गर्ने ।
ग) सामाजिक दूरी कायम गर्ने ।
घ) लक्षण भएमा वा रोगीसँगको सम्पर्क हुन गएमा नजिकको स्वास्थ्य केन्द्रमा जाने ।

**शैलेश कुमार मिश्र**
कार्यकारी निर्देशक

---

## नेपालमा अन्धोपन सर्वेक्षण

अन्धोपनको सर्वेक्षण नियमित अन्तरालमा हुने गरेको राष्ट्रमध्ये नेपाल पनि एक हो । नेपालमा पहिलो अन्धोपन सर्वेक्षण सन् १९८१ मा गरिएको थियो जसले देशमा अन्धोपन र दृष्टि न्यूनताको समस्याको अवस्थाबारे महत्वपूर्ण जानकारी उपलब्ध गराएको थियो । सर्वेक्षणले देखाएको आँकडाअनुसार अन्धोपनको अवस्था ०.८४ प्रतिशत देखाएको थियो, जसमध्ये ८० प्रतिशतलाई हटाउन सकिने र ९० प्रतिशतभन्दा बढी देशका दुर्गम क्षेत्रमा बसोबास गर्नेहरूमा पाइएको थियो । अन्धोपनको अवस्थालाई जनस्वास्थ्य समस्याका रूपमा लिइएको थियो । आँखा क्षेत्रको विकासका लागि आँखा सेवाको पहुँचमा सुधार गर्न, पूर्वाधार र मानव संसाधनको विकासका लागि यो जानकारीले महत्वपूर्ण भूमिका खेलेको थियो । यसै तथ्यांकका आधारमा राष्ट्रिय आँखा उपचार सेवा सञ्चालन प्रणालीको गुरुयोजना बनाई सुरुवात गरिएको थियो ।

अर्को सर्वेक्षण सन् १९९४ मा भेरी र लुम्बिनी अञ्चलमा गरिएको थियो जसले आँखा सेवा सुविधाहरूका कारण देशमा अन्धोपनको अवस्था सकारात्मक असरका साथ केही घटेको तर अझै चुनौतीपूर्ण रहेको देखाएको थियो ।

अर्को सर्वेक्षण विश्व स्वास्थ्य संघले मान्यता दिएको Rapid Assessment of Avoidable Blindness (RAAB) सर्वे पद्धतिको प्रयोग गरी सन् २००६ देखि २०१० सम्ममा देशको सबै भाग समेट्ने गरी गरिएको थियो । नेपाल नेत्रज्योति संघले सन् २०१२ मा यी सबै सर्वेक्षणको नतिजाहरूलाई समेटी राष्ट्रिय रूपमा अन्धोपनको विद्यमान समस्या र अवस्थाबारे पुस्तक प्रकाशित गरेको थियो ।

अर्को राष्ट्रव्यापी सर्वेक्षण सन् २०१९ को अन्त्यतिर सन् २०२० मा तथ्यांक संकलन कार्य सम्पन्न गर्ने उद्देश्यले तर्जुमा गरिएको थियो । यो सर्वेक्षण भिजन २०२० को अन्तिम वर्ष भएका कारण र डब्लु.एच.ओ. एक्सन प्लान २०१४–२०१९ को प्रभावकारितालाई पनि मूल्यांकन गर्न मिल्ने गरी कार्यक्रम तर्जुमा गरिएको थियो । यो सर्वेले नेपालमा भिजन २०२० का उपलब्धिहरु र भिजन २०२० पछि लिनुपर्ने रणनीति तय गर्न आवश्यक तथ्यांक उपलब्ध हुने तथा भावी कार्यक्रम तर्जुमा गर्न सघाउ पुग्ने लक्ष्य लिइएको थियो । जसै नेपालले सन् २०१५ मा नयाँ राजनीतिक पद्धति लागु गरायो देशमा सातवटा प्रदेशहरूको संरचनामा गयो र स्वास्थ्य प्रशासन र योजना तर्जुमा यसै मातहत रहने व्यवस्थाको सुरुवात भयो । त्यसैले यस सर्वेक्षणबाट उपलब्ध आँकडाहरु प्रादेशिक सरकारलाई आँखा स्वास्थ्य सेवाको नीति तथा कार्यक्रम तर्जुमा गर्न उपयोगी हुने गरी सर्वेक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । दुर्भाग्यवश, कोभिड १९ विश्वव्यापी संक्रमणका रूपमा सन् २०२० को फेब्रुअरीमा सुरु भयो र हामीले ७ प्रदेशमध्ये ६ प्रदेशमा मात्र तथ्यांक संकलन सम्पन्न गर्न सक्यौँ । बाँकी तथ्यांक संकलन कार्यलाई सरकारको भ्रमणमा निषेधाज्ञा र कोभिड महामारीसम्बन्धी पालना गर्नुपर्ने मापदण्डका कारण हाललाई स्थगन गरियो ।

सन् १९८१ मा गरिएको राष्ट्रिय सर्वेक्षणले देशमा अन्धोपनको अवस्था ०.८४ प्रतिशत देखायो । त्यस सर्वेक्षणले देशभरका १०५ क्लस्टरहरूबाट ३९,८८७ जनसंख्यालाई समेटेको थियो । अर्को अन्धोपन सर्वेक्षण सन् २०१० मा आर.ए.ए.बी. सर्वेक्षण पद्धतिबाट देशमा सम्पन्न गरिएको थियो । यो सर्वेक्षणले देशभरका ६१५ वटा क्लस्टरहरूबाट ५० वर्षमाथिका ४३,३०७ जनसंख्याको सर्वेक्षण गरिएको थियो । यस सर्वेक्षणले अन्धोपनको समस्या घटेर ०.३५ प्रतिशत पुगेको देखायो । यस अवधिमा देशमा आँखा उपचार सेवा स्वास्थ्य सूचकांकको अब्बल स्थितिमा रहेको पाइयो ।

सन् २०२० मा सर्वेक्षणलाई देशको सातवटै प्रदेशमा ९६७ वटा क्लस्टरमा पचास वर्षमाथिका ३३,८४५ जनसंख्या समेट्ने गरी तर्जुमा गरिएको छ । प्रादेशिक र राष्ट्रिय तहमा यसबाट उपलब्ध हुने तथ्यांकलाई सामान्यीकरण गर्न अझ तथ्यांक शक्तिशाली होस् भनेर विद्यमान सर्वेमा समावेश गर्नुपर्ने संख्यालाई बढाइएको छ ।

हालसम्ममा सर्वेक्षणको तथ्यांक संकलन कार्य ६ वटा प्रदेशमा सकिएको छ र अर्को बाँकी प्रदेशमा ४० प्रतिशत काम बाँकी छ । हालसम्म सम्पन्न भएको प्रारम्भिक निष्कर्षले सन् २०१० को अन्धोपनको दाँजोमा अन्धोपनको अवस्थामा उल्लेख्य कमी आएको देखाउँदैन । तथापि ३/६० दृष्टिक्षमता भएकाहरूको मोतिविन्दु सर्जिकल कभरेज र मोतिविन्दुको अपरेसनपछिको दृष्टिमा आएको सुधारमा हालका वर्षहरूमा उल्लेख्य सुधार भएको देखिन्छ ।

हामीलाई आशा छ, विद्यमान स्वास्थ्य महामारी छिट्टै नै सकिनेछ र हामीले बाँकी रहेका क्लस्टरहरूमा तथ्यांक संकलन पूरा गर्नमा छिट्टै समर्थ हुनेछौँ । जब ताजा अन्धोपन र दृष्टि न्यूनताको तथ्यांक उपलब्ध हुनेछ नेपालमा आँखा सेवा-सुविधाहरूलाई सहयोग गर्ने आई.ए.पी.बी.का सदस्य र नेपाल सरकारलाई वर्ल्ड रिपोर्ट अन भिजन र युनिभर्सल आई हेल्थ कभरेज तथा दिगो विकासका स्वास्थ्यसम्बन्धी लक्ष्यहरु प्राप्त गर्ने गरि योजना तर्जुमा गर्न महत्वपूर्ण सूचनाहरु तथा तथ्याकंहरु प्राप्त हुनेछन् ।

**यूद्धध्वज सापकोटा**
सदस्य, केन्द्रीय कार्यसमिति, नेपाल नेत्रज्योति संघ

## संघअन्तर्गतका आँखा सेवाहरू

# नेपाल नेत्रज्योति संघअन्तर्गत प्रदेश १ मा उपलब्ध आँखा सेवा र संघका जिल्ला शाखाहरू

नेपालमा जनतामाझ आँखा सेवाको पहुँच र सेवाको गुणस्तरिय दक्षिण एसियाका अन्य मुलुकको दाँजोमा राम्रो मानिन्छ । देशका प्रायः सबैजसो जिल्लामा सदरमुकाम स्तरसम्म आँखा सेवा पुगेको छ । वर्तमान स्वास्थ्य नीतिमा आँखा स्वास्थ्य नीति पनि समावेश भएबाट अब भविष्यमा प्राथमिक आँखा सेवा विद्यमान स्वास्थ्य सेवाको प्राथमिक स्वास्थ्य केन्द्रसम्म समाहित हुने हुँदा समुदायस्तरमा आँखा सेवा पुग्ने निश्चित छ । हाल उपलब्ध सेवामध्ये जिल्लास्थित आँखा उपचार केन्द्रमा सामान्य आँखा जाँच तथा उपचार, चश्मा जाँच तथा आँखाको सामान्य शल्यक्रियाको सुविधा उपलब्ध रहेको छ र विशेष आँखा जाँच एवं अपरेसन गर्नुपर्नेका लागि नजिकको आँखा अस्पतालमा रिफर गर्ने गरिन्छ । आँखा अस्पतालमा भने मोतीबिन्दुको शल्यक्रियालगायत सम्पूर्ण आँखा उपचारको काम हुने गर्छ । आँखा अस्पताल नभएका जिल्लामा आँखा शिविरको माध्यमबाट वर्षेनि मोतीबिन्दुको अपरेसन गरिने गरिन्छ । नियमित आँखा जाँच, उपचार र शल्यक्रियाका अलावा प्रत्येक आँखा सेवा रहेका जिल्लामा समुदायसँगको सहभागितामा विद्यालय आँखा जाँच कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेविका, विद्यालय शिक्षक, धामीझाँक्रीका लागि प्राथमिक आँखा उपचार तालिमजस्ता कार्यक्रम पनि गर्दै आएको छ । संघअन्तर्गत प्रदेश १ मा धनकुटा, इटहरी र विराटनगरमा आँखा अस्पताल रहेको छ भने उदयपुरको गाईघाटमा छिट्टै नै आँखा अस्पताल सञ्चालनमा आउँदै छ । यसैगरी १४ वटा जिल्ला रहेको यो प्रदेशमा सबै जिल्ला सदरमुकाममा आँखा उपचार सेवा रहेका छन् भने ओखलढुंगा र सोलुखुम्बु जिल्लाबाहेक सबै जिल्लामा संघबाट सञ्चालित आँखा उपचार सेवा उपलब्ध रहेका छन् । आँउदो अंकबाट प्रत्येक प्रदेशमा संघअन्तर्गत रहेका आँखा स्वास्थ्य सेवाबारे क्रमशः जानकारी गराउँदै जाने उद्देश्यअनुरूप यस अंकमा प्रदेश १ मा नेपाल नेत्रज्योति संघअन्तर्गत उपलब्ध आँखा सेवाबारे जानकारी उपलब्ध गराइएको छ ।

| क्र.स. | जिल्ला | आँखा सेवा | क्र.स. | जिल्ला | आँखा सेवा |
|---|---|---|---|---|---|
| १ | भोजपुर | टक्सार आँखा तथा कान उपचार केन्द्र | १५ | मोरङ | सुन्दर हरैचा आँखा तथा कान उपचार केन्द्र |
| २ | भोजपुर | घोडेटार आँखा उपचार केन्द्र | १६ | पाँचथर | मिक्लाजुङ आँखा उपचार केन्द |
| ३ | भोजपुर | दिङ्ला आँखा उपचार केन्द्र | १७ | संखुवासभा | खाँदबारी आँखा तथा कान उपचार केन्द्र |
| ४ | इलाम | इलाम आँखा उपचार केन्द्र | १८ | संखुवासभा | चैनपुर आँखा उपचार केन्द्र |
| ५ | इलाम | मङ्गलबारे आँखा उपचार केन्द्र | १९ | संखुवासभा | नुम आँखा उपचार केन्द्र |
| ६ | इलाम | फिक्कल आँखा उपचार केन्द्र | २० | सुनसरी | इटहरी आँखा अस्पताल |
| ७ | झापा | हंशनारायण चौधरी आँखा तथा कान उपचार केन्द्र | २१ | सुनसरी | इनरवा आँखा तथा कान उपचार केन्द्र |
| ८ | खोटाङ | दिक्तेल आँखा तथा कान उपचार केन्द्र | २२ | सुनसरी | दुहबी आँखा उपचार केन्द्र |
| ९ | खोटाङ | हलेसी आँखा उपचार केन्द्र | २३ | सुनसरी | हरिपुर आँखा तथा कान उपचार केन्द्र |
| १० | धनकुटा | डा. रामप्रसाद पोखरेल आँखा अस्पताल | २४ | ताप्लेजुङ | डेचेन डोङ्ला स्मारक आँखा उपचार केन्द्र |
| ११ | मोरङ | विराटनगर आँखा अस्पताल | २५ | तेह्रथुम | म्याङ्लुङ आँखा तथा कान उपचार केन्द्र |
| १२ | मोरङ | रंगेली आँखा उपचार केन्द्र | २६ | तेह्रथुम | आठराई आँखा उपचार केन्द्र |
| १३ | मोरङ | उर्लाबारी आँखा उपचार केन्द्र | २७ | उदयपुर | प्रस्तावित मदन भण्डारी आँखा अस्पताल गाईघाट |
| १४ | मोरङ | लेटाङ आँखा तथा कान उपचार केन्द्र | २८ | उदयपुर | कटारी आँखा उपचार केन्द्र |

## प्रदेश १ मा रहेका संघका जिल्ला शाखाहरू

प्रत्येक प्रदेशमा संघको प्रादेशिक शाखा रहेको छ भने प्रदेश १ मा कुल आठवटा जिल्ला शाखा रहेका छन् र नेपाल नेत्रज्योति संघ, केन्द्रीय कार्यसमितिको नीति एवं पहलमा शाखाहरूले आआफ्नो क्षेत्रमा आँखा सेवाको विकास एव अन्धोपन निवारण कार्यमा महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछन । संघको प्रादेशिक एवं जिल्ला शाखा र जिल्ला सभापति निम्नअनुसार रहेका छन् । नेपाल नेत्रज्योति संघ प्रदेश १ का सभापति श्यामसुन्दर उदास हुनुहुन्छ । जिल्ला शाखा एवं जिल्ला सभापतिको नाम निम्नबमोजिम रहेको छ :

| क्र.सं. | जिल्ला शाखा | जिल्ला सभापति | क्र.सं. | जिल्ला शाखा | जिल्ला सभापति |
|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | मुक्तिराज पौड्याल | ५ | खोटाङ | इन्द्र कसजु |
| २ | भोजपुर | तेज मोक्तान | ६ | मोरङ | विजयहरि शर्मा |
| ३ | धनकुटा | रोषेश श्रेष्ठ | ७ | संखुवासभा | अनन्त कुमार गौली |
| ४ | इलाम | इन्द्र फुँयाल | ८ | उदयपुर | भागवत रावत |

### प्रदेश १ मा अवस्थित नेपाल नेत्रज्योति संघबाट सञ्चालित प्रमुख आँखा अस्पतालहरूः

यस प्रदेशमा मुख्यतया चारवटा आँखा अस्पताल डा. रामप्रसाद पोखरेल आँखा अस्पताल, विराटनगर आँखा अस्पताल, मदन भण्डारी आँखा अस्पताल (नवनिर्मित) र इटहरी आँखा अस्पताल रहेका छन् जसमध्ये यस अंकमा डा. रामप्रसाद पोखरेल आँखा अस्पतालबारे जानकारी गराउनेछौँ र क्रमशः प्रत्येक अंकमा संघअन्तर्गतका आँखा अस्पतालबारे जानकारी गराउँदै लानेछौँ ।


डा. रामप्रसाद पोखरेल आँखा अस्पताल धनकुटा



विराटनगर आँखा अस्पताल, रानी, विराटनगर


प्रस्तावित मदन भण्डारी आँखा अस्पताल, गाईघाट, उदयपुर (नवनिर्मित भवन)


इटहरी आँखा अस्पताल, इटहरी

# डा. रामप्रसाद पोखरेल आँखा अस्पताल, धनकुटा




नेपालमा आँखा सेवाको विकासमा प्रा.डा. रामप्रसाद पोखेलबाट समाजसेवी एवं उद्योगपतिहरूको साथ लिई नेतृत्वदायी भूमिका खेलेर सर्वप्रथम नेपालको पहिलो आँखा अस्पताल नेपाल आँखा अस्पतालको स्थापना वि.सं. २०३० मा त्रिपुरेश्वर काठमाडौमां गरी आँखा सेवाको सुरूवात भएको थियो भने यो सेवाको देशभर विस्तार गर्न २०३५ चैत १३ गते नेपाल नेत्रज्योति संघको स्थापना भएपश्चात् देशभर गैरसरकारी संस्थामार्फत आँखा सेवाको विकास भएको हामी सबैमा विदितै छ । धनकुटा जिल्लामा वि.सं. २०४३ आँखा उपचार केन्द्रका रूपमा आँखा सेवाको सुरूवात गरिएको थियो । प्रा. डा. रामप्रसाद पोखेल जन्मनुभएको यस जिल्लामा उहाँकै नामबाट आँखा उपचार केन्द्रलाई दोस्रो स्तरको आँखा अस्पतालका रूपमा नेपाल नेत्रज्योति संघ धनकुटा शाखाको आफ्नो निजी भवनमा विस्तार गरी २०७० मंसिर २९ गते डा. रामप्रसाद पोखेल आँखा अस्पतालको नाममा आँखा सेवाको सुरूवात गरिएको हो । यस अस्पतालले धनकुटा जिल्लालगायत आसपासका छवटा पहाडी जिल्लाका करिब तीन लाख जनसंख्यामा स्तरीय आँखा सेवा उपलब्ध गराउँदै आएको छ ।

यस अस्पताललाई व्यवस्थित र सुदृढ रूपमा सञ्चालन गर्न विभिन्न किसिमका चुनौती सामना गर्नुपरेको थियो । यसमा सबैभन्दा ठूलो समस्या नेत्र रोग विशेषज्ञको अभाव जसलाई परिपूर्ति गर्न दातृ संस्था सेवा फाउन्डेशन (SEVA Foundation) USA को सहयोगमा लुम्बिनी नेत्र विज्ञान प्रतिष्ठान/रण-अम्बिका शाह आँखा अस्पताल भैरहवाबाट सम्भव भयो । प्राविधिक सहयोगमा प्रत्येक महिना एक-एक नेत्र रोग विशेषज्ञ पूर्ति गरी तीन वर्षसम्म सेवा पु¥याएको थियो । यसका अलावा भरतपुर आँखा अस्पताल तथा गौर आँखा अस्पताल, नेपाल सरकार, जनप्रतिनिधिहरू, नेत्रज्योति संघ आवद्ध समाजसेवीहरू र कर्मचारीहरू स्थानीय साहुमहाजनहरूको अथक प्रयासबाट डा. रामप्रसाद पोखरेल आँखा अस्पतालको स्थापना भएको हो । तत्पश्चात नेपाल नेत्रज्योति संघ र SEVA Foundation नेपालको सहयोगमा इटहरी उपमहानगरपालिकामा एक आँखा उपचार केन्द्र २०७४ साउन २७ गते स्थापना गरी धनकुटा र इटहरी दुवै स्थानमा आँखा स्वास्थ्य सेवा प्रदान गर्न नेत्र रोग विशेषज्ञको व्यवस्था गरिएको थियो । हाल डा. रामप्रसाद पोखरेल आँखा अपताल, धनकुटा र इटहरी आँखा उपचार केन्द्र (आँखा अस्पताल), इटहरी सञ्चालनार्थ दुई जना नेत्र रोग विशेषज्ञ कार्यरत हुनुहुन्छ ।

डा. रामप्रसाद पोखरेल आँखा अस्पताल, धनकुटाद्वारा धनकुटा लगायत पूर्वी पहाडी जिल्ला तेह्रथुम, संखुवासभा, भोजपुर तथा ताप्लेजुङ लगायतका क्षेत्रहरूमा प्राथमिक आँखा उपचार केन्द्रमार्फत आँखा उपचार सेवा उपलब्ध गराउँदै आइरहेको छ । धनकुटा जिल्लाको जनसङ्ख्या १,६३,४१२ भए तापनि यस अस्पतालले सम्भावित क्षेत्र धनकुटा लगायत तेह्रथुम, भोजपुर र संखुवासभा समेतका आँखाका करिब तीन लाखभन्दा बढी जनमानसमा सेवा पु¥याइरहेको छ ।

यस आँखा अस्पतालले नेपाल नेत्रज्योति संघ केन्द्रीय कार्यालयको भिजन एवं मिसनको आधारमा लक्षित क्षेत्र/समुदायमा आँखा रोगीहरूको पहिचान गरी विभिन्न शिविर तथा आँखा उपचार सेवा सञ्चालन गरि अन्धोपन निवारण कार्य गर्दै आएको छ ।

यस अस्पतालले चुनौतीका रूपमा आफ्नै भवन भए तापनि चिकित्सकीय मापदण्ड अनुरूपको आधुनिक एवम् सुसज्जित रूपमा निर्माण कार्य सम्पन्न हुन नसकेको र आवश्यक अत्याधुनिक मेसिन तथा उपकरणहरूको अभावमा उत्कृष्ट सेवा/सुविधा प्रदान गर्न कठिनाइ व्यहोर्नुपरेको छ । यसका साथै सुदृढ आर्थिक अभावको कारणले अस्पतालको मापदण्ड बमोजिमको सांगठनिक तालिकाअनुसार मानव संसाधनको पूर्णताको अभावमा अस्पताल सुचारू रूपले सञ्चालनमा कठिनाइ भएको छ ।

हाल यस आँखा अस्पताल सेवा फाउन्डेसनको अनुदान, धनकुटा जिल्लाअन्तर्गतका नगरपालिका तथा गाउँपालिका तथा अन्य स्थानीय निकायसँग समन्वय गरी कार्यक्रम सञ्चालनका लागि प्राप्त आर्थिक सहयोग, समाजसेवीहरूबाट प्राप्त चन्दा, एम्बुलेन्स सेवाबाट प्राप्त आम्दानीका साथै अक्षय कोषबापतको ब्याज रकमबाट चलेको छ ।


यस अस्पतालले गत २०७६/०७७ मा १०६४७ जना आँखा रोगीहरूलाई सेवा दिएको थियो भने २९६ जनाको मोतिबिन्दुको अपरेशन गरी ज्योति प्रदान गरेको थियो ।

# आँखा स्वास्थ्य शिक्षा

**मोतीबिन्दु रोगबारे नजानी नहुने पाँच कुरा**

संसारभरमा अन्धोपन गराउने प्रमुख रोगमध्ये मोतीबिन्दु प्रमुख कारकका रुपमा रहेको छ भने हाम्रो देशमा पनि गरिएको पछिल्लो सर्वेक्षणले कुल अन्धोपनको ६५ प्रतिशत मोतीबिन्दुको कारण नै रहेको देखाएको छ ।

बूढेसकालमा प्रायः सबैजसोलाई लाग्ने यो मोतीबिन्दु रोगबारे सबैले जानकारी राख्न आवश्यक हुन्छ र यदि मोतीबिन्दुबारे तल बताइएका नजानी नहुने कुराहरु जनस्तरसम्म पुग्न सकेको खण्डमा देशमा यस रोगका कारण हुने अन्धोपनलाई निवारण गर्नमा मद्दत पुग्न जान्छ ।



स्वस्थ आँखा

क) हाम्रो आँखामा बाहिरबाट देखिने गोलो कालो रङको नानी पछाडि पारदर्शक लेन्स रहेको हुन्छ । हामीले हेरेका वस्तुहरु प्रकाशका किरणमार्फत यसै लेन्सको सहायताले दृष्टि पर्दासम्म पुग्छ र हामीले देख्ने गर्दछौं । यदि आँखाको पारदर्शक लेन्स विभिन्न कारणले अपारदर्शक भयो भने हामी मोतीबिन्दु भन्दछौं । मोतीबिन्दु खासगरी ४५ वर्ष नाघेका जो सुकैलाई पनि लाग्न सक्ने आँखाको रोग हो तापनि कसैकसैमा यो रोग जन्मौटे पनि हुनसक्छ र कहिलेकाहीं अन्य उमेरमा पनि यो रोग लाग्न सक्छ । उमेरबाहेक यो रोगका अन्य कारणमा आँखामा लाग्ने चोटपटक, पोषणको कमी, ज्यादा धूमपान र मधुमेह अर्थात् चिनीको रोग आदि पर्दछन् ।

ख) यो रोग लागेमा आँखा दुख्ने, पोल्ने, आँखा रातो हुने आदि केही हुँदैन । बिस्तारै टाढाको वस्तु देख्नमा कमी हुँदै गएर केही समयपछि आँखा देख्न बन्द हुन्छ । यो रोगको प्रमुख लक्षणमा हामीले हेर्दा कालो रङको देखिने आँखाभित्रको गोलो नानी मोतीबिन्दुको सुरुवात भएपछि बिस्तारै खैरो वा सेतो रङको हुँदै जान्छ र पछि गएर पूरै सेतो भएर देख्न बिल्कुलै बन्द हुन पुग्छ ।

ग) हालसम्म संसारभरि नै मोतीबिन्दु रोगको अपरेसन बाहेक खाने र लाउने औषधि बनेको छैन । मोतीबिन्दुको अपरेसन प्रत्येक आँखा अस्पतालमा नदुख्ने गरी बेहोस नपारी एकैछिनमा गरिन्छ । अपरेसन गर्दा जालो परी अपारदर्शक भएको लेन्सलाई अत्याधुनिक प्रविधिबाट निकाली कृत्रिम लेन्स राखिन्छ जसले गर्दा फेरि राम्ररी देख्न सकिन्छ । आँखाको पावर अनुसारको लेन्स मापन गरी राखिने हुँदा बाँचुन्जेललाई यो लेन्सले काम गर्दछ ।



मोतिबिन्दु भएको आँखा

घ) मोतीबिन्दुको अपरेसनको हकमा मोतीबिन्दु सुरु भएपछि आफूलाई हिंडडुल गर्नमा, पठनपाठन गर्नमा वा कामकाज गर्नमा समस्या परेमा जुनसुकै बेला गराउन सकिन्छ । विश्व स्वास्थ्य संघका अनुसार दृष्टिविहीनको परिभाषा सबैभन्दा राम्रो आँखाको दृष्टि क्षमता तीन मिटरबाट देखाइएको हातका औंलाहरु गन्न नसक्नु हो । यसर्थ मोतीबिन्दु भएको आँखाले तीन मिटरभन्दा पर देख्न वा ठम्याउन सक्दैन भने यस रोगको अपरेसन गराइहाल्नु पर्दछ । यो रोगको अपरेसन बाह्रै महिना अर्थात् हिउँद, वर्षा जुनसुकै बेला गराउन सकिन्छ ।

ङ) मोतीबिन्दुका कारण आँखाले ठ्याम्मै देख्न नसक्ने भइसकेपछि पनि अपरेसन नगराएमा आँखामा अन्य विकृति उत्पन्न भई जलबिन्दुजस्ता खतरनाक रोग लागेर अपरेसन गराए पनि देख्न नसक्ने गरी दृष्टिविहीन हुनाका साथै जिन्दगीभर आँखा दुखिरहने वा रातो भइरहने हुनसक्छ । यसर्थ समयमै मोतीबिन्दुको अपरेसन गराउनु राम्रो हुन्छ ।

## संघका गतिविधि:

### नेपाल नेत्रज्योति संघले गरेका विभिन्न गतिविधि:

**विश्व दृष्टि दिवस : ८ अक्टोबर २०२०**

विश्व स्वास्थ्य संगठनले सन् १९९९ को फेब्रुअरीमा 'भिजन २०२० : हटाउन सकिने अन्धोपनको सन् २०२० को अन्त्यसम्ममा निवारण गर्ने' भन्ने नारा आरम्भ गरेपश्चात् जनमानसमा जनचेतना जगाउन तथा प्रत्येक देशका सरकारी निकाय, उद्योग-व्यापारी एवं मनकारी व्यक्तिमाझ आँखाको समस्याबारे अवगत गराई अन्धोपन निवारण कार्यमा सक्दो सहयोग जुटाउने उद्देश्यले हरेक वर्ष अक्टोबर महिनाको दोस्रो बिहीबारका दिन संसारभर विश्व दृष्टि दिवस मनाउने गरेको छ । यो वर्ष विश्व स्वास्थ्य संगठनले दिएको नारा 'Hope in Sight' लाई नेपालले 'दृष्टिप्रतिको आश' भन्ने नाराका साथ उक्त दिन संघअन्तर्गतका देशभरका आँखा अस्पतालले कोभिड-१९ को महामारीका बाबजुद विभिन्न कार्यक्रम गरी मनाएका छन् । अस्पतालहरुले गरेका कार्यक्रमको हामीलाई प्राप्त भएका सामान्य केही झलक निम्नअनुसार रहेका छन् :

### क) सगरमाथा चौधरी आँखा अस्पताल, लाहान

यस अस्पतालले विश्व दृष्टि दिवसका अवसरमा प्रदर्शनी, वेबिनार र आँखा तथा कान उपचार केन्द्रको स्थापनाजस्ता विभिन्न कार्यक्रम उक्त दिन गरेर मनायो । प्रदर्शनी अस्पतालको हाताभित्र सञ्चालन गरिएकामा ६०० भन्दा बढी व्यक्तिको सहभागिता रहेको थियो । जसमा उपलब्ध आँखा सेवा, मोतीबिन्दु, नेत्रदान, जलबिन्दु, आँखा सफा र स्वस्थ राख्ने उपाय, आँखामा लाग्ने चोटपटक, मधुमेहका कारण आँखामा हुनसक्ने अन्धोपन, ट्रकोमा, दृष्टि दोष, कोभिड-१९ बाट बच्न अपनाउनुपर्ने सावधानीजस्ता ज्ञानवर्द्धक सन्देश सुसूचित गरिएको थियो । कार्यक्रमका केही झलक तल दिइएका छन् :








### ख) भरतपुर आँखा अस्पताल, भरतपुर

विश्व दृष्टि दिवसको अवसरमा नेपाल नेत्रज्योति संघ, हीरालाल संतुदेवी प्रधान नेत्र विज्ञान अध्ययन संस्थान भरतपुर आँखा अस्पतालले लायन्स क्लब इन्टरनेशल डिस्ट्रिक ३२५ बी. २ एरिया ३ को सहकार्यमा 'दृष्टिप्रतिको आश–आँखा सेवा घर दैलोमा' भन्ने नाराका साथ विविध कार्यक्रम गरेर मनायो । यस अस्पतालले अस्पताल प्रागंणमा आँखा दान कार्यक्रमको सहमति पत्र हस्तान्तरण कार्यक्रम गरेर र कम्युनिटी हेल्थ सेन्टर, रत्ननगर, चितवनमा डायबेटिक रेटिनोप्याथी स्क्रिनिङ क्याम्प गरेर मनायो । कार्यक्रमका केही झलक निम्नअनुसार रहेका छन् :

















### ग) बुटवल लायन्स आँखा अस्पताल, बुटवल

विश्व दृष्टि दिवसको उपलक्ष्यमा बुटवल लायन्स आँखा अस्पताल, लायन्स क्लब अफ बुटवल, लायोनेस क्लब अफ बुटवल र लियो क्लब अफ बुटवलको संयुक्त आयोजनामा नेत्रदान कार्यक्रमको आयोजना गरिएको थियो जसमा नेत्रदान गर्न अपनाइनुपर्ने विधि र यसको महत्त्वबारे विविध जानकारी कार्यक्रममा उपस्थित महानुभावलाई बताइएको थियो र सो अवसरमा २१५ जनाले मरणोपरान्त आँखा दान दिने वचन दिएका थिए । यसैगरी सोही दिनबाट एक हप्ताका लागि आँखा अस्पतालले विशेष छुटमा मोतीबिन्दुको अपरेसन गरिने पनि जानकारी गराएको थियो । उक्त कार्यक्रममा अस्पताल, लायन्स तथा लियो क्लबका पदाधिकारीको उपस्थिति रहेको थियो ।








### घ) लमही आँखा अस्पताल, लमही, दाङ





नेपाल नेत्रज्योति संघ, आँखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगञ्जअन्तर्गत सञ्चालित लमही आँखा अस्पतालमा समितिका अध्यक्ष तथा नेपाल नेत्रज्योति संघका केन्द्रीय सदस्य दाङ जिल्ला सभापति कृष्णकुमार गिरीज्यूको अध्यक्षता लमही नगरपालिका नगरप्रमुख कुलबहादुर केसीज्यूको प्रमुख आतिथ्य एवं नगर उपप्रमुख देवका बेल्बासेज्यूको विशिष्ट आतिथ्यमा विश्व दृष्टि दिवस कार्यक्रम 'दृष्टिप्रतिको आशा' भन्ने मूल नाराका साथ भव्य रूपमा सम्पन्न भएको थियो । कार्यक्रममा लमही क्षेत्रका जनप्रतिनिधि, विभिन्न सञ्चार माध्यमका प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि, नेपाल नेत्रज्योति संघका पदाधिकारी, अस्पतालका कर्मचारीको सहभागिता रहेको थियो । कार्यक्रममा विश्व दृष्टि दिवसको महत्त्वबारे प्रकाश पार्नुका साथै विश्वमा दृष्टिविहीनताको अवस्था, दृष्टि दोषको सबैभन्दा मुख्य कारण, नेपालमा हाल दृष्टिविहीनताको अवस्था, लुम्बिनी प्रदेशको दृष्टिविहीनताको अवस्था, आँखा स्वास्थ्य कार्यक्रम र यसअन्तर्गत रहेका आँखा अस्पतालहरूको बारेमा जानकारी गराउँदै लमही आँखा अस्पतालको सुरुवात, बिरामीको चाप र समस्या, दैनिक आँखा उपचारको सेवा लिन आउने हालसम्म दिएको सेवा, कोभिड-१९ ले गर्दा बिरामीको व्यवस्थापन, भौतिक पूर्वाधारको अभावले उपकरणको व्यवस्थापन, आँखा जाँच गर्ने उपकरण, हाल उपलब्ध सेवा, भविष्यको सोच, सहयोगको आवश्यकताका बारेमा विस्तृत जानकारी गराइएको थियो । सोही अवसरमा अस्पताल परिसरमा प्रतीक्षालय निर्माण गर्नुहुने दाताहरूलाई सम्मान गरिएको थियो र कार्यक्रमका विषयमा स्थानीय पत्रपत्रिका तथा अनलाइन मिडियाहरूमा खबर विशेष महत्त्वका साथ प्रकाशित भएका थिए ।




### ङ) डा. विनोद नीता कँडेल आँखा अस्पताल, परासी

विश्व दृष्टि दिवसको उपलक्ष्यमा नेपाल नेत्रज्योति संघअन्तर्गत सञ्चालित यस अस्पतालले स्थानीय लायन्स तथा लियो क्लबहरूको संयुक्त आयोजनामा आँखा दान विषयमा जनचेतना जगाउनाका साथै विश्व दृष्टि दिवसको महत्त्वबारे प्रकाश पार्दै सहभागीलाई आँखा स्वास्थ्य विषयक पम्पलेटहरु वितरण गरिएको थियो । कार्यक्रममा स्थानीय सञ्चार माध्यमको सहभागिता रहनुका साथै कार्यक्रमबारे सञ्चार माध्यममा प्रसारणसमेत गरिएको थियो ।



## च) सामाजिक सेवा दिवसको उपलक्ष्यमा लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा अनुसन्धान केन्द्रद्वारा नि:शुल्क आँखा परीक्षण






नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित श्री लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा अनुसन्धान केन्द्र/श्री रण अम्बिका शाह आँखा अस्पतालले सामाजिक सेवा दिवस को अवसरमा **'राष्ट्रिय गौरव आजको प्राथमिकता, समृद्धि र सुखका लागि सामाजिक रूपान्तरण र उद्यमशीलता'** भन्ने नाराका साथ मिति २०७६/०६/०९ गते श्री सत्य साई केन्द्र वृद्धाश्रममा नि:शुल्क आँखा परीक्षणको कार्यक्रम आयोजना गरी त्यस आश्रममा रहेका १३ जना महिला र ६ जना पुरुष ज्येष्ठ नागरिकको आँखा जाँच गरी उक्त शिविरमा फेला परेका मोतीबिन्दुका चार जना बिरामीलाई नि:शुल्क शल्यक्रिया गर्नुका साथै एक जना बिरामीलाई नि:शुल्क चश्मा वितरण गऱ्यो । त्यसैगरी मिति २०७७/०६/१२ गते यस नगरपालिकाको छिमेकी मायादेवी गाउँपालिकामा अवस्थित सिद्धार्थ बालगृहमा आँखा परीक्षण गर्दा १९ जना अनाथ बालबालिकाको आँखा जाँच एवं चश्मा जाँच गरी दृष्टि कमजोर भएका पाँच बालबालिकालाई नि:शुल्क चश्मा वितरण गरेको थियो ।

# गुल्मीमा आँखा उपचार केन्द्रको स्थापना

नेपाल नेत्रज्योति संघ गुल्मी जिल्ला शाखाको प्राविधिक सहयोग, सेवा फाउन्डेसन र मालिका गाउँपालिकाको सहयोगमा गुल्मीको सिमलटारीमा यही कात्तिक १ गते आँखा उपचार केन्द्रको स्थापना भएपश्चात् त्यस क्षेत्रका चार गाउँपालिकाका नागरिक आँखा सेवाबाट लाभान्वित हुने भएको छ । कार्यक्रममा गुल्मी शाखाका सभापति शेरबहादुर थापाबाट जिल्ला शाखाले जिल्लाको व्यापारिक केन्द्रका रूपमा रहेको पश्चिमी क्षेत्रमा आँखा सेवा उपलब्ध गराउने उद्देश्यअनुरूप आँखा उपचार केन्द्र स्थापना गरिएको प्रकाश पार्नुभएको थियो भने आँखा उपचार केन्द्रका नेत्र अधिकृत सूर्यबहादुर बस्नेतबाट उपचार केन्द्रबाट झन्डै ८० प्रतिशत आँखाको समस्याको समाधान गर्न सकिने र अन्य सेवाको हकमा आवश्यक पर्नेलाई समयमै विशिष्ट सेवा उपलब्ध हुने स्थानमा पठाउने हुँदा यस क्षेत्रमा रहेको विद्यमान अन्धोपनको समस्या यस सेवा केन्द्रको स्थापना भएबाट हटाउन सकिनेबारे जानकारी गराउनुभएको थियो । गाउँपालिकाका प्रशासकीय अधिकृत दीप भण्डारीले सोही अवसरमा गाउँपालिकाका तर्फबाट तीन वर्षसम्म उपचार केन्द्रका तीन जना कर्मचारीका लागि मासिक तलबको व्यवस्थासमेत गरिएको जानकारी गराउनुभएको थियो ।

### भरतपुर आँखा अस्पतालका लागि लायन्स क्लब इन्टरनेसनल फाउन्डेसन (LCIF) बाट उपकरणहरू सहयोग :



अस्पतालका चिफ मेडिकल डाइरेक्टर डा. रघुनन्दन ब्याँज्‍जु अस्पतालका डाक्टर एवं अन्य प्राविधिकहरूलाई उपकरणहरू बारे जानकारी गराउनु हुँदै ।

हीरालाल सन्तुदेवी नेत्र विज्ञान अध्ययन संस्थान, भरतपुर आँखा अस्पतालमा रहेको दृष्टि पर्दा एकाइलाई लायन्स क्लब इन्टर नेसनल फाउन्डेसनले लायन्स क्लब अफ नारायणगढको सौजन्यमा दुईवटा महत्त्वपूर्ण उपकरण (DRI OCT Angiography / Triton Plus AL-Scan Optical Biometer) अनुदानस्वरूप सहयोग गरेको छ जसअन्तर्गत दृष्टि पर्दामा असर परी यस क्षेत्रलगायत देशका विभिन्न स्थानबाट आउने आँखा रोगीको उपचारमा थप सहज भएको छ । नयाँ उपकरणसहित सेवाको विस्तार गत असोज १५ बाट गरिएको जानकारी प्राप्त भएको छ ।

### नेपाल नेत्रज्योति संघका केन्द्रीय अध्यक्ष प्रा. डा. चेतराज पन्तबाट भरतपुर आँखा अस्पतालको निरीक्षण :

२०७७ असोज ५ गते नेपाल नेत्रज्योति संघका केन्द्रीय अध्यक्ष डा. चेतराज पन्त तथा केन्द्रका कार्यकारी निर्देशक शैलेश मिश्रबाट भरतपुर आँखा अस्पतालको निरीक्षण भ्रमण भएको थियो । सो अवसरमा केन्द्रीय अध्यक्षबाट अस्पतालको विभिन्न एकाइको अवलोकन, अस्पतालको प्रगति एवं चुनौतीबारे जानकारी लिनुका साथै आवश्यक परामर्श दिनुभएको थियो ।



चितवन जिल्ला शाखाका सभापति श्री कृष्णराज धरेल केन्द्रीय अध्यक्षलाई अस्पतालमा स्वागत गर्नु हुँदै ।



केन्द्रीय अध्यक्षको साथमा केन्द्रका कार्यकारी प्रमुख, सभापति, चिफ मेडिकल डाइरेक्टर एव अस्पताल परिवार



### कोभिड–१९ महामारीबाट बच्न लायन्स क्लबबाट सहयोग

२०७७ श्रावण ५ गते लायन्स क्लब इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ बी २ नेपाल, लायन्स क्लब अफ नारायणगढ संगम र लायन्स क्लब अफ नारायणगढ सञ्जीवनी चितवनको सौजन्यमा भरतपुर आँखा अस्पताललाई खुट्टाबाट सञ्चालन हुने हात धुने सामग्री हस्तान्तरण गरियो । यस कोभिड–१९ को महामारीमा अस्पतालमा आँखा जँचाउन आउनेका लागि संक्रमणबाट जोगिन शिक्षा एवं कोरोना भाइरस सर्न वा सार्न रोकथामको काम गर्ने आशा राखिन्छ । लायन्स क्लबप्रति संघको साधुवाद ।



**सूचना :** केन्द्रबाट प्रसारण हुने यस त्रैमासिक बुलेटिनका लागि संघको प्रदेश एवं शाखाहरु तथा यसअन्तर्गतका आँखा अस्पताल र आँखा उपचार केन्द्रहरूमा भएका गतिविधि फोटोसहित आउँदो अंकका लागि २०७७ माघ मसान्तभित्र संघको केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पठाउनहुन र यहाँहरूको केही सुझाव एवं लेख रचना भएमा पनि पठाउन हुन अनुरोध गरिन्छ ।

प्रकाशक तथा वितरक : नेपाल नेत्रज्योति संघ, केन्द्रीय कार्यालय, पो.ब.नं. ३३५, फोन : ४२६१०६६, ४२६१९२१ त्रिपुरेश्वर, काठमाडौं ।
वेबपेज : www.nnjs.org.np इमेल : nnjs@mos.com.np

**संरक्षक:** प्रा. डा. रामप्रसाद पोखेल
**प्रकाशन समिति:** प्रा.डा. घनश्याम भट्टराई, श्री प्रभात कुमार जोशी, शैलेस कुमार मिश्र, सविता के.सी., रञ्जन शाह
**सम्पादक:** विमल पौड्याल